बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा,मकवानपुर

विषय :- निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी कार्यविधि,२०८२ स्वीकृती सम्बन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृत प्राप्त मिति : २०८२/१/२३

१. विषयको संक्षिप्त व्यहोरा :
निजी वनमा रहेका साल प्रजातिका रुखको कटान, सङ्कलन, ओसारपसार, बिक्री वितरण तथा उपभोगलाई सहज बनाउन तथा सो को नियमन र अनुगमनका लागि वन ऐन, २०७६ को दफा ७७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले खण्ड ७३, संख्या ३८, मिति २०८०।०८।०७ गतेको नेपाल राजपत्र भाग ५ मा प्रकाशन गरेको सूचना १ को ५ (ग) मा दर्ता भएको निजी वनमा लगाइएका वा हुर्काइएका साल प्रजातिको रुख कटान, उपभोग ओसारपसार र बिक्रि वितरण गर्न पाउने र यसको प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने व्यवस्था गरेकोले कार्यविधि आवश्यक भएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रसांगिक कुरा :
यस कार्यविधि साथि आर्थिक मामिला तथा योजना मन्त्रालको च.नं १७११ मिति २०८२/१/२२ तथा आन्तरिक मामिला तथा कानून मन्त्रालको च.नं. २०८९ मिति २०८२/१/२३ को सहमती पत्र प्राप्त भएको ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस :
बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० को अनुसूची -२ वमोजिम प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण यस मन्त्रालयको कार्यजिम्मेवारीमा रहेकोमा निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी कार्यविधि,२०८२ स्वीकृतीका लागि प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न माननीय मन्त्रीज्यूबाट मिति २०८२/१/२३ मा स्वीकृती प्राप्त भएकाले प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को अनुसूची १ को विषय संख्या १८ बमोजिम यो प्रस्ताव पेश गरिएको।

४. निर्णय हुनु पर्ने व्यहोरा :
यसै साथ संलग्न निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी कार्यविधि,२०८२ स्वीकृत गर्ने ।

मितिः २०८२/१/२३

..............................
(डा.केदार बराल)
प्रदेश सचिव

श्री सचिव,
वन तथा वातावरण मन्त्रालय।

"निजी वनको सालको प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी कार्यविधि, २०८२ स्वीकृति सम्बन्धमा" विषयको वन तथा वातावरण मन्त्रालयको दर्ता नं.४/१-०८२/०२/१३ को प्रस्ताव प्र.मं.बै.सं. २/०८२ मिति २०८२/०२/१३ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु -

प्रदेश सरकारको निर्णय -

"प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

(माहादेव पन्थ)
प्रमुख सचिब
२०८२/०२/१३

## "निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी कार्यविधि, २०८२"

<u>प्रस्तावना</u> : निजी वनमा रहेका साल प्रजातिका रुखको कटान, सङ्कलन, ओसारपसार, बिक्री वितरण तथा उपभोगलाई सहज वनाउन तथा सो को नियमन र अनुगमनका लागि वन ऐन, २०७६ को दफा ७७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले खण्ड ७३, संख्या ३८, मिति २०८०।०८।०७ गतेको नेपाल राजपत्र भाग ५ मा प्रकाशन गरेको सूचना १ को ५ (ग) मा दर्ता भएको निजी वनमा लगाइएका वा हुर्काइएका साल प्रजातिको रुख कटान, उपभोग ओसारपसार र विक्रि वितरण गर्न पाउने र यसको प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने व्यवस्था गरेकोले बागमती प्रदेश सरकारले **"निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी कार्यविधि, २०८२"** कार्यविधि जारी गरेको छ।

### परिच्छेद-१
### <u>संक्षिप्त नाम र प्रारम्भ</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम **"निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"अधिकार प्राप्त अधिकारी"** भन्नाले सम्बन्धित डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृत सम्झनु पर्छ र सो शब्दले त्यस्तो अधिकृत नियुक्त नभएको अवस्थामा प्रदेशको प्रचलित कानून बमोजिम तोकिएको अधिकृत र अधिकार प्राप्त अधिकारीले खटाएको अधिकृत प्रतिनिधिलाई समेत जनाउँछ।

(ख) **"अधिकृत प्रतिनिधि"** भन्नाले प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूहको कम्तिमा अधिकृतस्तर सातौं तह वा सो सरहको वन कर्मचारीलाई सम्झनु पर्छ।

(ग) **"निजी वन"** भन्नाले कुनै व्यक्ति वा संघ र संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काई वा संरक्षण गरी प्रचलित कानून बमोजिम दर्ता भएको निजी वन सम्झनु पर्छ।

(घ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको वन निर्देशनालयलाई सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) **"साल"** प्रजाति भन्नाले डिप्टेरोकार्पेसी (Dipterocarpaceae) परिवार अन्तर्गत पर्ने वानस्पतिक नाम सोरिया रबस्टा (Shorea robusta) भएको वनस्पति प्रजाति सम्झनु पर्छ ।

(झ) **"रुख उपयोग"** भन्नाले दर्ता भएको निजी वनमा लगाइएका वा हुर्काइएका साल प्रजातिका रुखको कटान, ओसारपसार, उपभोग र बिक्री बितरणलाई सम्झनु पर्छ ।

३. निजि वन धनिले प्रचलित वन ऐन र नियमावलिको अधिनमा रही कानुनले तोकेको निकायबाट कटान इजाजत लियर मात्र रुख कटान गर्नु पर्नेछ ।

४. रुख कटान पूर्व प्रचलित वन ऐन र नियमावलिको अधिनमा रही निजी वनको रेखांकन गरि सो भित्र पर्ने रुखहरुको यकिन गरि सो रुखहरुको नापजांच तथा छपान नम्वरिङ्ग गर्नु पर्नेछ ।

५. छपानको लागि खटिएको वन प्राविधिकले कटान तथा सङ्कलन गर्नुपर्ने रुखको जिपिएस को-अर्डिनेट सहितको

काण्ड नक्शाङ्कन (स्टेम म्यापिङ्ग) गरी इस्टिमेटेड पोजिसनल इरर (ईपीई) समेत खुलेको विवरण तयार रुखको छपान गर्नु पर्नेछ। त्यसरी छपान गरिएको रुखको वन सम्बन्धी प्रचलित कानून बमोजिम मूल्य गरी लगत तयार गर्नु पर्नेछ।

६. छपान गरिएको रुखको छपान नम्बर देखिने गरी एउटा फोटो र पुरै रुख देखिने गरी अर्को फोटो लिई समेतको रङ्गिन फोटो समावेश गरी छपान मूल्याङ्कनको लगतसाथ संलग्न गर्नु पर्नेछ ।

परिच्छेद-२

स्थानीय तहबाट कटान इजाजत दिइने सालको रुख अनुगमन सम्बन्धी व्यवस्था

७. प्रचलित वन ऐन बमोजिम स्थानीय तहबाट कटान इजाजत लिइ कटान हुने सालका रुखहरुको प्र सरकारको तर्फबाट सम्वन्धित डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृत वा निजले तोकेको कम्त सातौ तहको वन अधिकृतले कम्तीमा २५ प्रतिशत रुखहरुको छपान चेकजाँच गर्नु पर्नेछ । डिभिजन कार्यालयबाट छपान चेकजाँच प्रतिवेदन प्राप्त भए पछि मात्र स्थानीय तहले कानून वमोजिम कटान इजा दिनु पर्नेछ ।

८. दफा (७) बमोजिम कटान ईजाजत दिई घाटगद्दीमा सङ्कलन भएको काठ दाउरा सम्बन्धित स्थानीय त घाटगद्दी चेकजाचको लागि सम्वन्धित डिभिजन वन कार्यालयमा लेखि पठाउनु पर्नेछ । यसरी प्राप्त आएको काठ दाउराको लगत प्रदेश सरकारको तर्फबाट डिभिजनल वन अधिकृत वा निजले तोकेको कम्ती सातौ तहको वन अधिकृतले कम्तीमा २५ प्रतिशत घाटगद्दी चेकजाच गरी डिभिजन वन कार्यालय मा घाटगद्दी चेकजाँच प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्नेछ ।

९. डिभिजन वन कार्यालयबाट घाटगद्दी चेकजाच प्रतिवेदन प्राप्त भए पछी मात्र स्थानिय तहले काठ दाउरा छोडपुर्जि दिनु पर्नेछ ।

१०. स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका दर्ता भएको निजी वनबाट कटान तथा ओसारपसारको अनुमति दिए निजी वन तथा वन पैदावारको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ । यस कार्यविधी वमोजिम स्थानिय त आफ्नो क्षेत्रमा निजी वनबाट उत्पादित काठ, दाउराको लगत राखी त्रैमासिक रुपमा सम्बन्धित डिभिजन कार्यालयमा जानकारी पठाउनु पर्नेछ ।

परिच्छेद-३

डिभिजन वन कार्यालयबाट कटान इजाजत दिइने सालको रुख अनुगमन सम्बन्धी व्यवस्था

११. प्रचलित वन ऐन बमोजिम डिभिजन वन कार्यालयबाट कटान इजाजत लिइ कटान हुने सालका रुखहरु प्रदेश सरकारको तर्फबाट प्रदेश वन निर्देशक वा निजले तोकेको कम्तीमा सातौ तहको वन अधिकृत कम्तीमा १० प्रतिशत रुखहरुको छपान चेकजाँच पर्नेछ ।

१२. निर्देशनालयबाट छपान चेकजाँच प्रतिवेदन प्राप्त भए पछि मात्र सम्बन्धित डिभिजन वन कार्यालयले निजी व धनीलाई कटान इजाजत दिनु पर्नेछ।

१३. दफा (१२) बमोजिम कटान ईजाजत दिई घाटगद्दीमा सङ्कलन भएको काठ दाउराको प्रदेश वन निर्देशक वा निजले तोकेको कम्तीमा सातौं तहको वन अधिकृतले कम्तीमा १० प्रतिशत घाटगद्दीमा चेकजाँच पर्नेछ ।

१४. निर्देशनालयबाट घाटगद्दी चेकजाच प्रतिवेदन प्राप्त भए पछी मात्र डिभिजन वन कार्यालयले काठ दाउराको छोडपुर्जि दिनु पर्नेछ ।

१५. डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र निजी वनबाट कटान तथा ओसारपसारको अनुमति दिएका निजी वन तथा वन पैदावारहरुको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ । यस कार्यविधी वमोजिम निजी वनबाट उत्पादित काठ, दाउराको लगत राखी त्रैमासिक रुपमा निर्देशनालय प्रतिवेदन पठाउनु पर्नेछ ।

१६. दफा (७) र (११) बमोजिम छपान चेकजांच गर्दा र दफा (८) र (१३) वमोजिम घाटगद्दी चेकजाँच गर्दा यस कार्यविधी र प्रचलित ऐन कानुन विपरित अन्यथा भएको पाइएमा चेकजांच गर्ने अधिकृतले कार्यविधी र प्रचलित ऐन कानुन विपरित भएको हदसम्म छपान वदर गर्न वा छपान वा घाटगद्दी सच्याउन आदेश दिन सक्नेछ र निजीवन धनि र सम्वन्धित निकायले यो आदेशको पालना गर्नुपर्नेछ ।

## परिच्छेद- ४
## विविध

१७. डिभिजन वन कार्यालयले दिएको निजी वनको साल रुखको कटान इजाजत र छोडपुर्जीको जानकारी सम्वन्धित स्थानिय तहलाइ दिनु पर्नेछ र स्थानिय तहले पनि यस्तो जानकारी डिभिजन वन कार्यालयलाइ उपलव्ध गराउनु पर्नेछ ।

१८. रुख कटान गरेपछि निजी वन धनीले कटान कार्यको अनुगमन गर्न खटाइएको वन प्राविधिकको सहयोगमा कटान भएको गोलियामा इनामेलले छपान बमोजिमको रुख नम्बर र गोलिया नम्बर लेखी अनुसूची -१ बमोजिमको कटान रजिष्टर तयार गर्नु पर्नेछ।

१९. कटान रजिष्टरमा उल्लेखित गोलिया काठ एवं दाउरा निजी वन धनीले संकलन गरी तोकिएको स्थानमा घाटगद्दी गरी कटान कार्यको अनुगमन गर्न खटाइएको वन प्राविधिकको सहयोगमा अनुसूची - २ बमोजिमको घाटगद्दी रजिष्टर तयार गर्नु पर्नेछ ।

२०. निर्देशनालयले आफूले गरेको छपान चेकजाँच, घाटगद्दी चेकजाँच तथा भए गरेका अन्य अनुगमन सम्वन्धी मासिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

२१. भौगोलिक विकटताको कारण गोलिया काठ तोकिएको घाटगद्दीसम्म ढुवानी हुन नसक्ने अवस्था भएमा कटान गर्न इजाजत दिने निकायको स्वीकृत लिई चिरान रजिष्टर तयार गरी चिरान काठ घाटगद्दीसम्म ढुवानी गर्न सकिनेछ ।

२२. यस कार्यविधिमा उल्लिखित विपयहरु वन सम्बन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म यस कार्यविधिमा उल्लिखित विषय अमान्य हुनेछ ।

२३. प्रदेश सरकारले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ साथै आर्थिक दायित्व पर्न विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन गरिनेछ ।

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

अनुसूची - १
(दफा १८ संग सम्बन्धित)
कटान रजिष्टरको नमूना

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

.................................................. कार्यालयको च.नं. ............., मिति ............................ को इजाजत पत्रानुसार ......................... गाउँ/नगरपालिका .................. वडा नं. .............. नक्शा सिट नं. ......................... , कित्ता नं. .................. मा रहेको निजी वनमा रहेका रुखहरु कटान गरी प्राप्त भएका गोलिया काठ तथा दाउराको कटान रजिष्टर ।

| क्र.सं. | प्रजाति | कटान भएको रुखको छपान नं. | प्राप्त गोलिया विवरण | | | थान वा संख्या | काठ परिणाम (क्यू. फि.) | ग्रेड | दाउरा (चट्टा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गोलाइ नं. | गोलाइ (ईन्चमा) | लम्बाइ (फिटमा) | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

कटान रजिष्टर तयार गर्ने वन प्राविधिकको
दस्तखतः
नाम :
पद :
मिति :

निजी वन धनी तथा निजको प्रतिनिधी रोहवर
दस्तखतः
नाम :
पद :
मिति :

नोट : गोलिया नं. लेख्दा गोलिया नं. अब्लिक रुख नं. जस्तै - छपान रुख नं. पाँच बाट तीन वटा गोलिया प्राप्त भएमा पहिलोलाइ १/५, दोस्रोलाइ २/५ र तेस्रोलाइ ३/५ हुने गरी लेख्नुपर्नेछ ।

सचिव

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

अनुसूची - २

(दफा १९ सँग सम्बन्धित)

घाटगद्दी रजिष्टरको नमूना

........................................... कार्यालयको च.नं. ............., मिति ............................. को इजाजत पत्रानुसार ......................... गाउँ/नगरपालिका .................. वडा नं. .............. नक्शा सिट नं. ......................... , कित्ता नं. .................. मा रहेको निजी वनमा रहेका रुखहरु कटान गरी प्राप्त भएका गोलिया काठ तथा दाउराको घाटगद्दी रजिष्टर ।

| घाटगद्दी क्र सं | गोलिया नं | जात | नापसाइज (गो.ई.*ल.फी.) | ग्रस आयतन (क्यू.फी.) | धोद साइज (गो.ई.*ल.फी.) | धोद आयतन (क्यू.फी.) | नेट आयतन (क्यू.फी.) | ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

साल जातको दाउरा चट्टा . . . . . . .

घाटगद्दी रजिष्टर तयार गर्ने वन प्राविधिकको

दस्तखतः

नाम :

पद :

मिति :

निजी वन धनी तथा निजको प्रतिनिधी रोहवर

दस्तखतः

नाम :

पद :

मिति :

प्रदेश सचिव